**आकाशवाणी समाचार- नेपाली**

**मितिः १६ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र नॉर्वेले व्यापार एवम् आर्थिक साझेदारी सम्झौता अन्तर्गत १०० अरब अमेरिकी डलरको लगानीको लक्ष्य हासिल गर्ने बताउनु भयो।

२. प्रधान मन्त्री नरेन्द्र मोदी आफ्नो पाँच राष्ट्रहरूको भ्रमणको अन्तिम चरणमा इटालीको दुई दिने भ्रमणका लागि आज रोम पुग्नुहुनेछ।

३. रक्षा मन्त्री राजनाथ सिंहले अपरेसन सिन्दूरलाई भारत एक सशक्त, आत्मविश्वासी र सक्षम राष्ट्र बन्ने प्रतीकको रूपमा वर्णन गर्नुभयो।

४. केन्द्रीय स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले थाइल्याण्ड, इरान, नेदरल्याण्ड्स, स्वीडेन र मौरिससका प्रतिनिधि र स्वास्थ्य मन्त्रीहरूसँग उच्चस्तरीय द्विपक्षीय बैठकहरू गर्नुभयो।

५. आईपीएल क्रिकेटमा सनराइजर्स हैदराबादले चेन्नई सुपर किंग्सलाई पांच विकेटले हराएर प्लेऑफमा स्थान बनाएको छ।

**<u>भारत-नॉर्वे व्यापार शिखर सम्मेलन</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी ओस्लोमा आयोजित भारत–नर्वे व्यापार तथा अनुसन्धान शिखर सम्मेलनमा सहभागी हुनुभयो। सम्मेलनमा नर्वेका प्रधानमन्त्री जोनास गहर स्टोरे र क्राउन प्रिंस हाकॉन पनि सहभागी थिए। शिखर सम्मेलनलाई सम्बोधन गर्नुका साथै प्रधान मन्त्री मोदीले व्यापार र आर्थिक साझेदारी सम्झौता (टीईपीए) लागू भएपछि द्विपक्षीय व्यापार र लगानीमा भएको वृद्धिको सराहना गर्नुभयो। श्री मोदीले भन्नुभयो, दुवै देशहरूले व्यापार एवम् आर्थिक साझेदारी सम्झौता अन्तर्गत १०० अरब अमेरिकी डलरको लगानीको लक्ष्य हासिल गर्न प्रयास गर्नुपर्छ र भारतमा १० लाख रोजगारी सिर्जना गर्नुपर्छ। सम्मेलनमा ५० भन्दा अधिक कम्पनीहरुका प्रमुख कार्यकारी अधिकारीहरु, भारत तथा नर्वेका २५० भन्दा अधिक व्यवसायिक तथा अनुसन्धान समुदायका सहभागीहरुको सहभागिता रहेको थियो। विदेश मन्त्रालयले एक वक्तव्यमा, यस शिखर सम्मेलनले **भारत-यूरोपीय मुक्त व्यापार संघ** लागू भएपछि द्विपक्षीय आर्थिक सहयोगमा गति ल्याएको छ। शिखर सम्मेलनको क्रममा भारतीय र नर्वेका कम्पनीहरू र संस्थाहरू बीच धेरै व्यापारिक सम्झौताहरूमा हस्ताक्षर गरियो। यसअघि विदेश मन्त्रालयले, 'उच्च-स्तरीय व्यापार र अनुसन्धान शिखर सम्मेलनअघि ओस्लोका विभिन्न स्थानमा चार राउन्ड टेबल आयोजना गरिएको थियो। यी सत्रहरू स्वास्थ्य सेवा, समुद्री सहयोग, ब्याट्री र ऊर्जा भण्डारण प्रणाली, डिजिटलीकरण र विद्युतीकरण, र वायु ऊर्जामा नवीनतामा केन्द्रित थिए।

**<u>नरेन्द्र मोदीको नॉर्वे</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीको नॉर्वेको पहिलो यात्राले दुवै देशको सम्बन्धलाई पर्यावरण अनुकूल रणनीति साझेदारीमा उन्नत बनाउने घोषणा गरेको छ। हिजो ओस्लोमा नर्वेका प्रधानमन्त्री योनस गौर स्टोरका प्रतिनिधि मण्डल स्तरको वार्तामा संयुक्त वक्तव्यमा, प्रधानमन्त्री मोदीले साझा ऊर्जाको क्षेत्रमा जलवायु परिवर्तन, समुद्री अर्थव्यवस्थादेखि लिएर हरित संचारको क्षेत्रमा सहयोग गर्ने बताउनु भयो। यसको साथमा उहाँले भारतको क्षमता, गति र प्रतिभाका उपयोग गर्दै नर्वेजियन टेक्नोलोजी र पूंजीको

सहयोग, भारतीय कम्पनीहरु को बैश्पिक समाधानमा विकाशीत गर्ने बताउनुभयो भने । आतंकवादको विरुद्धमा भारतसँग उभिएकोमा नर्वेको आभार प्रकट गर्नुभयो

बाइट (आतंक)

हालै लागू व्यापार र आर्थिक साझेदारीको परिणाम सुनिश्चित गर्नका लागी आज ठोस कदम उठाइएको छ। जसमा विशेषगरि उच्च तकनीक, कृत्रिम बुद्धिमत्ता र स्टार्टअपको क्षेत्रमा सहयोगको परिकल्पना गरियो ताकि साझेदारी को भविष्यका लागी तैयार गर्न सकियोस्। द्विपक्षीय बैठकमा उच्च तकनिकी स्वास्थ्य समाधान, डिजिटल स्वास्थ्य र डिजिटल सार्वजनिक अवसंरचनाका अनेकौं समझौता ज्ञापनमा हस्ताक्षर गरे।

नर्वेका प्रधानमन्त्रीले आज एक महत्वपूर्ण वक्तव्यमा संघर्षमा रहेको विश्वमा सहयोग बढाउने कुरामा जोड दिएको छ ।दुवै पक्षका नेताहरूले नियम आधारित विश्व व्यवस्थामा आफ्नो साझा विश्वास र संवाद तथा कुटनितिप्रती प्रतिवद्धता दोहोर्याएको छ। यसैबीच प्रधानमंत्री मोदीलाई नॉर्वेका महामहिम राजा हेराल्ड पंचमद्वारा रॉयल नॉर्वेजियन ऑर्डर ऑफ मेरिटको ग्रैंड क्रॉस प्रदान गरिएको छ।

**जयशंकर: प्रधानमंत्री सम्मान**

विदेश मंत्री डॉ. एस. जयशंकरले प्रधानमंत्री नरेंद्र मोदीलाई नॉर्वेको सर्वोच्च सम्मान **"ग्रैंड क्रॉस ऑफ द रॉयल नॉर्वेजियन ऑर्डर ऑफ मेरिट"** बाट सम्मानित गरिएकोमा बधाई दिनुभएको छ ।

सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले भन्नु भयो कि यो सम्मान भारत र नॉर्वेको बीच साझेदारीलाई बलियो बनाउनमा प्रधानमंत्री मोदीको निरंतर प्रयासहरुको पहिचान हो ।

**पीएम-बधाई**

केन्द्रीय मंत्री अमित शाह, जगत प्रकाश नड्डा, पीयू गोयल, मनोहर लाल, किरेन रिजिजू सहित धेरै अन्य मंत्रिहरुले प्रधानमन्त्री मोदीलाई नर्वेमा सर्वोच्च सम्मान दिएकोमा बधाई दिएका छन। गृह मंत्री अमित शाहले भन्नुभयो यो 32वां अन्तरराष्ट्रीय पुरस्कार पीएम मोदी नेतृत्वको विस्तारको प्रतीक हो। यस्तै स्वास्थ्य जगत प्रकाश नड्डाले यो सम्मान मोदीको सशक्त र विश्वमा भारतको नेतृत्वको सम्मानको भर पर्ने बताउनु भयो भने केन्द्रिय मन्त्री मनोहर लालले यो सम्मान 'वसुधैव परिवार' को चिरस्थायी सिद्धान्तहरूका माध्यमबाट सामाजिक सद्भावको बलियो प्रतिबिम्बको रूपमा बर्णन गर्नुभयो।

**प्रधानमंत्री - इटली यात्रा**

प्रधान मन्त्री नरेन्द्र मोदी आफ्नो पाँच राष्ट्रहरूको भ्रमणको अन्तिम चरणमा इटालीको दुई दिने भ्रमणका लागि आज रोम पुग्नुहुनेछ। इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीको निमन्त्रणामा यो भ्रमण हुन लागेको हो । श्री मोदीले प्रधान मन्त्री मेलोनीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। उहाको इटालीका राष्ट्रपति सर्जियो म्याटेरेल्लासँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ। श्री मोदीले भारत र इटालीबीच व्यापार र लगानीलाई अझ बढावा दिन व्यापारिक नेताहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ।

बाइट

**अमित शाह - छत्तीसगढ़ दौरा**

गृहमन्त्री अमित शाहले छत्तीसगढको बस्तर जिल्लाको नेतानार गाउँमा एक जनसेवा केन्द्रको उद्घाटन गर्नुभयो। यस केन्द्रको नाम आदिवासी नेता र स्वतन्त्रता सेनानी वीर गुन्डाधुरको नाममा राखिएको हो। केन्द्रीय रिजर्व पुलिस बल-सीआरपीएफ सुरक्षा शिविरको परिसरमा यो जनसेवा केन्द्र स्थापना गरिएको छ। यसैबीच सभालाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो, आगामी डेढ वर्षमा बस्तरमा स्थापना गरिएका करिब २०० सुरक्षा शिविरहरू मध्ये ७० लाई यस्तै सेवा केन्द्रहरूमा रूपान्तरण गरिनेछ।

बाइट

**राजनाथ-हनोई डायस्पोरा**

रक्षा मन्त्री राजनाथ सिंहले अपरेसन सिन्दूरलाई भारत एक सशक्त, आत्मविश्वासी र सक्षम राष्ट्र बन्ने प्रतीकको रूपमा वर्णन गर्नुभयो। हिजो हनोईमा भारतीय समुदायलाई सम्बोधित गर्दै श्री सिंहले भन्नुभयो, भारत "पहले परमाणु हमला नहीं" को नीतिप्रति प्रतिबद्ध छ तर परमाणु खतराको अगाडि झुक्ने छैन र कुनै पनि शत्रुको कुनै पनि दृढ कार्यको उचित जवाफ दिन तयार छ। उहाले भन्नुभयो प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले अभूतपूर्व प्रगति गरेको छ, जसले विश्व मञ्चमा देशको प्रतिष्ठा निरन्तर बढाइरहेको छ। रक्षा मन्त्रीले भन्नुभयो भारतले सेमिकन्डक्टर क्षेत्रमा द्रुत प्रगति गरिरहेको छ र यो केवल प्राविधिक प्रगति मात्र होइन, तर नयाँ भारतको पहिचान पनि हो।

**नड्डा-द्विपक्षीय बैठक**

केन्द्रीय स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले थाइल्याण्ड, इरान, नेदरल्याण्ड्स, स्वीडेन र मौरिससका प्रतिनिधि र स्वास्थ्य मन्त्रीहरूसँग उच्चस्तरीय द्विपक्षीय बैठकहरू गर्नुभयो। यी बैठकहरू जेनेभामा आयोजित ७९ औं विश्व स्वास्थ्य सम्मेलनको अवसरमा भएको थियो। एक सोसियल पोस्टमा श्री नड्डाले भन्नुभयो, बैठकहरूमा डिजिटल स्वास्थ्य, औषधि क्षेत्र, सुदृढ सार्वजनिक स्वास्थ्य प्रणाली र सबैका लागि स्वास्थ्य सेवाहरूमा पहुँच सुनिश्चित गर्ने जस्ता मुद्दाहरूमा सहयोग बढाउने विषयमा छलफल भएको थियो। उहाले विश्वव्यापी स्वास्थ्य सहयोगप्रति भारतको प्रतिबद्धतालाई दोहोर्याउँदै सबैलाई पहुँच, सस्तो र समान स्वास्थ्य सेवा प्रदान गर्नु एक साझा लक्ष्य भएको बताउनु भयो।

**पश्चिम बंगाल -आर जी कर कॉलेज**

पश्चिम बंगाल सरकारले कोलकाताको आर.जी. कार मेडिकल कलेज तथा अस्पतालका पूर्वप्रिन्सिपल सन्दीप घोषलाई मुद्दा चलाउन स्वीकृति दिएको छ । कलकत्ता उच्च अदालतको आदेश र सीबीआईको जाँचपछि यो कारबाही गरिएको हो । मेडिकल कलेज खरिदमा आर्थिक अनियमितता गरेको आरोप सञ्दीप घोषमाथि लागेको छ । यस मामिलामा अन्य तीन संस्थामाथि पनि अनुसन्धान भइरहेको छ । सीबीआईले भ्रष्टाचार र आपराधिक षड्यन्त्रअन्तर्गत मुद्दा दर्ता गरेको छ भने प्रवर्तन निर्देशनालयले पनि मनी लाउन्ड्रिंगको पक्षको अनुसन्धान गरिरहेको छ। राज्यपालको स्वीकृतिपछि अब सक्षम अदालतले यस मुद्दाको थप सुनुवाइ गर्न सक्नेछ ।

**आईपीएल**

आईपीएल क्रिकेटमा सनराइजर्स हैदराबादले चेन्नई सुपर किंग्सलाई पांच विकेटले हराएर प्लेऑफमा स्थान बनाएको छ । चेन्नईमा खेलिएको मैचमा पहिलो ब्याटिंग गर्दै चेन्नई सुपर किंग्सले 20 ओवरमा सात विकेटमा 180 रन बनाए। कार्तिक शर्माले सबैभन्दा अधिक 44 रन बनाए। हैदराबादको लागि पैट कमिंसले तीन र साकिब हुसैनले दुई विकेट लिए।प्रतियोगितामा आज राजस्थान रॉयल्सको प्रतिस्पर्धा लखनऊ सुपर जायंट्ससित जयपुरमा साँझ सात बजेर तीस मिनट देखि शुरु हुनेछ ।